स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना


NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





कथानक फिल्म 'फ्रेन्च किस' मा अभिनेत्री रेखा थापा अनुबन्धित भएकी छन्। अहिले छायांकन भैरहेको फिल्मले यी चर्चित अभिनेत्रीलाई महत्वपूर्ण भूमिकामा अनुबन्धित गरेको हो। नयाँपुस्ताको प्रेमकथा समेटिने फिल्ममा अभिनेत्री थापालाई अनुबन्धित गरिएको जानकारी कार्यकारी निर्माता सौगात बस्नेतले दिए।

**आजको विचार...**



देशलाई... (दुई पेजमा)

ज्योतिकिरण

षट्कोण आर्टसको निर्माणमा बनेको फिल्म 'लालीबजार' को प्रदर्शन मिति तय भएको छ। निर्माताले बुधबार टिजर सार्वजनिक गर्दै यो फिल्म १८ बैशाख, २०८३ मा ल्याउने घोषणा गरेका हुन्। बर्दियाको राजापुरमा छायांकन गरिएको फिल्ममा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी लगायतको अभिनय छ।

❐ वर्ष ३१ अंक १९६ ❐ २०८२ माघ २९ गते बिहीबार 12 February 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### क्यानाडामा गोलीकाण्ड ९ को मृत्यु

(रासस/एएफपी)

**टोरन्टो**, माघ २८/पश्चिमी क्यानाडाको दुर्गम क्षेत्रमा मंगलबार भएको सामूहिक गोलीकाण्डमा कम्तीमा नौ जनाको मृत्यु भएको छ । घटनामा सात जना माध्यमिक विद्यालयमा गोली हानेर मारिएका छन् । घटना रकी पर्वतमालाको फेदीमा अवस्थित सुरम्य पहाडी उपत्यका सहर ब्रिटिस कोलम्बियाको टम्बलर रिजमा भएको हो । रोयल क्यानेडियन माउन्टेड पुलिस (आरसिएमपी) ले जारी गरेको विज्ञप्तिअनुसार कुल २७ जना घाइते भएका छन् । तीमध्ये दुई जनाको अवस्था गम्भीर छ भने अन्य २५ जनालाई विभिन्न किसिमको चोटपटक लागेको छ । क्यानाडाली सञ्चारमाध्यमहरूले बन्दुकधारी महिला भएको जनाएका छन् । तर आरसिएमपीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा संदिग्धको पहिचानबारे विस्तृत विवरण दिन अस्वीकार गरेको छ । प्रहरीका अनुसार मंगलबार दिउँसो टम्बलर रिज माध्यमिक विद्यालयमा सक्रिय बन्दुकधारी रहेको चेतावनी जारी गरिएको थियो । सुरक्षाकर्मीहरूले विद्यालय परिसरको खोजी गर्दा छ जनालाई गोली हानेर हत्या गरिएको अवस्थामा फेला पारेका थिए । अर्को एक जना घाइतेको अस्पताल लैजाँदै गर्दा मृत्यु भएको थियो ।

# प्रतिनिधि सभा निर्वाचन : घर-दैलोमा व्यस्त पालपाका उम्मेदवार

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ २८/आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै गर्दा पाल्पाका उम्मेदवारहरु घरदैलो कार्यक्रममा व्यस्त छन् । आृनो पक्षमा मत तान्न उम्मेदवारहरु मतदातामाझ विभिन्न आश्वासन बाँडिरहेका छन् ।

दुई वटा निर्वाचन क्षेत्र रहेको पाल्पामा दुई पदका लागि ६ स्वतन्त्रसहित २९ जना चुनावी मैदानमा उत्रिएका छन् । यहाँको क्षेत्र नं. १ बाट ९ दल र ४ स्वतन्त्र र क्षेत्र नं २ बाट १४ राजनीतिक दल र दुई स्वतन्त्र उम्मेवार चुनावी मैदानमा छन् । उनीहरु सबै दूरदराजका बस्तीदेखि सहर बजारका चोक र गल्लीमा भोट मागी रहेको भेटिन्छन् । निर्वाचन हाँक्न दलले नेतृत्व पनि चयन गरिसकेका छन् । सबै दलले निर्वाचनका लागि सम्पर्क कार्यालय खोलेर नेता कार्यकर्ता परिचालन गरिसकेका छन् । बिहानैदेखि उम्मेदवारहरू मतदाताको घर, काम गरिरहेका खेतबारीमा पुगेर मत माग्न व्यस्त देखिन्छन् । अहिले उम्मेदवारहरू ठूला सभा/समारोहभन्दा



पनि स्थानीय मुद्दालाई प्राथमिकतामा राखेर घरदैलो गरिरहेका छन् । उम्मेदवारहरूले भेला, छलफल र घरदैलो सुरु गरेपछि चुनावी रौनकसमेत थपिएको छ । माघ ६ गते उम्मेदवारी दर्ता गरेपछि मतदाता समक्ष पुगेर भोट माग्न उम्मेदवार व्यस्त देखिन्छन् । पाल्पा क्षेत्र नं. २ मा नेपाली काँग्रेसका उम्मेदवार हिमालदत्त श्रेष्ठ दिनहुँ मतदाता भेटघाटमै व्यस्त छन् । उनी मित्रवत् व्यवहार र आर्थिक मितव्यिताको अवधारण आगाडि सार्दै मतदाता भेटिरहेका छन् । नेता श्रेष्ठले देशलाई संकटबाट बचाउन काँग्रेसलाई जिताउन मतदातासँग आग्रह गर्दै आएका छन् । युवाहरूलाई स्वदेशमै अवसर सिर्जना गरी विदेशमा पाइने सुविधा र सम्मान यहीं उपलब्ध गराउन काँग्रेसलाई विजय गरान आवश्यक रहेको उनले मतदाताहरुलाई बताएका छन् । पर्यटन, कृषिको माध्यमबाट छिट्टै समृद्धि हासिल गर्न सकिने भन्दै उनले शिक्षा, स्वास्थ्य, पर्यटन, उद्यमशीलता र पूर्वाधार विकास आफ्नो प्राथमिकता रहेको उल्लेख गरे । उनले भने "पाल्पाको समृद्धि नै पर्यटन र कृषि भएकाले सुन्तला, तरकारी, अकबरे खुर्सानीलगायतबाट किसानको आर्थिक विकासमा सहयोग गर्न सकिन्छ । "नेता श्रेष्ठले विगतदेखि झेल्दै आएका समस्याको विषय आफूले राम्रोसँग बुझेको बताए । उनले आृनो मुख्य प्राथमिकता जनताको जनजीविकाको सवाललाई उठाउने रहेको बताए । उनी सबै मतदाताप्रति पूर्ण उत्तरदायी, जिम्मेवार हुने र सधैं दु:ख सुखमा साथ दिने प्रतिबद्धता जनाउँदै घरदैलोमा पुगेका छन् । यस्तै नेकपा एमालेबाट उम्मेदवार बनेका ठाकुर प्रसाद गैरेले पनि घरदैलोलाई तिव्रता दिएका छन् । उनले विद्यार्थीकाल देखी नै जनता र देशको पक्षमा उभिएर निरन्तर राष्ट्रहितको पक्षमा काम गरेको बताउदै मतदाताहरुसँग मत मागेका छन् । ०७९ पछि ३१ महिनामा सुरु गरेका र गर्न बाँकी कामहरुलाई उपलब्धिमूलक बनाउन पुन: एकपटक आफ्नो उम्मेदवारी रहेको नेता गैरेले मतदातालाई बताउने गरेका छन् । क्रमिक रुपमा नागरिकका गुनासो सम्बोधन गर्न काम गर्ने उनले बताए । यस्तै नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार बनेका सोम प्रसाद पाण्डे पुरानो अनुभव र नयाँ योजनाका साथ चुनावी मैदानमा उत्रिएका छन् ।

-बाँकी अन्तिम पेजमा...

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

-लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
-मतदानको समयमा विवेकको प्रयोग गरौं।
-मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
-जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
-निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
-असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
-सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# निर्वाचनको चहलपहल बढ्दै : मतदाता भेट्न तराई झरे उम्मेदवार

**भरत केसी/रासस**

**लुम्बिनी,** माघ २८/आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनको चहलपहल बढ्दै जाँदा लुम्बिनी प्रदेशका पहाडी जिल्लाका उम्मेदवार मतदाता भेट्न तराईका जिल्ला झर्न थालेका छन् । लुम्बिनी प्रदेशका पहाडी जिल्लाका गुल्मी, पाल्पा, अर्घाखाँची र प्युठानका उम्मेदवार मतदातासँग भेटघाट र आफ्नो पक्षमा मतदाता फकाउन तराईका जिल्ला रूपन्देही र कपिलवस्तु केन्द्रित हुन थालेका हुन् । उनीहरूले तराईका जिल्लामा आ-आफ्ना पार्टीका भेला, बैठक र मतदातासँग प्रत्यक्ष भेटेरै मतदाता रिझाउने कार्यक्रम थालेका छन् ।

प्रदेशका १२ जिल्लामध्ये एउटा हिमाली जिल्ला पूर्वी रुकुम र अन्य पाँच पहाडी जिल्ला पर्दछन् । पहाडी जिल्लाका धेरै मतदाता बसाइ सरेर रूपन्देही, कपिलवस्तु र काठमाडौँलगायत



जिल्लामा आएका छन् । तर उनीहरूले मतदाता नामावली भने स्थानान्तरण नगरिसकेकाले निर्वाचनका समयमा उम्मेदवार मत माग्न यी जिल्लामा पुग्ने गरेका छन् । गुल्मी क्षेत्र न १ बाट नेकपा (एमाले)का उम्मेदवार प्रदीपकुमार ज्ञवाली, नेपाली कांग्रेसका उम्मेदवार चन्द्र भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सागर ढकाल र नेपाली कम्युनिष्ट पार्टीबाट सुदर्शन बराललगायत १० राजनीतिक दलहरूसँगै ११ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । यस क्षेत्रमा एक लाख २२ हजार १८६ मतदाता रहेका छन् । उम्मेदवारहरूले बुटवल र भैरहवामा कार्यकर्ता भेला तथा बैठक गरेर फागुन २१ को निर्वाचनमा मतदान गर्न जिल्ला फर्कन आह्वान गरेका छन् । नेकपा (एमाले) को तर्फबाट यस क्षेत्रमा उम्मेदवार बनेका ज्ञवालीले बिगतका निर्वाचनको तथ्याङ्कलाई हेर्दा रूपन्देही, नवलपरासी र कपिलवस्तुलगायत क्षेत्रमा गुल्मी जिल्लाका झण्डै १० हजारको संख्यामा मतदाता रहेको अनुमान गर्छन् । उनले जिल्ला बाहिरका मतदातालाई निर्वाचनमा मतदानका लागि आउने वातावरण बनाउन अन्य जिल्लामा पुगेर भेटघाट, भेला, छलफलजस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको बताउन्छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## आचारसंहिताको ख्याल गर

यतिबेला सिङ्गो मुलुक चुनावी मैदानमा छ र उम्मेदवारहरूले आफ्नो प्रचार–प्रसारलाई तीव्र बनाएका छन् । उनीहरू मतदातालाई 'कन्भिन्स' गर्दै भोट माग्न घरदैलोमा दौडधुप गरिरहेका छन् । निर्वाचन आयोगले सबैका लागि समान रूपमा लागू हुनेगरी आचारसंहिता लागू गरेको छ । आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन आवश्यक सबै प्रावधानको व्यवस्था गरेको छ । निर्वाचन समयावधि निकै छोटो भए पनि निर्वाचन आयोगले निकै सह्रानीय काम गरेको छ । तर चुनावी प्रचारका नाममा केही राजनीतिक दल र उम्मेदवारहरुले भने आचारसंहिता विपरित काम गरिरहेका छन् ।

आज सामाजिक सञ्जाल साधारण नागरिकदेखि शीर्ष नेतासम्मका लागि अभिव्यक्ति व्यक्त गर्ने प्रमुख माध्यम बनेको छ । विचार राख्नु लोकतान्त्रिक अधिकार हो, तर त्यही अधिकारको आडमा नक्कली आइडी प्रयोग गरी, एआईबाट सिर्जित भ्रामक सामग्री, झुटा समाचार, चरित्र हत्या र विरोधी दललाई होच्याउने सामग्री प्रसारण हुनु गम्भीर चिन्ताको विषय हो । यसले एकातिर मतदातालाई भ्रमित बनाउँछ भने अर्कोतिर समग्र निर्वाचन प्रक्रियामाथि नै अविश्वास जन्माउने खतरा बढाउँछ । यही सन्दर्भमा निर्वाचन आयोगले पटक–पटक यस्ता गतिविधिमा संलग्न दल, नेता र कार्यकर्तालाई सचेत गराउँदै आएको छ । प्रचलित कानुन अनुसार यस्ता कार्यमा संलग्नलाई कैद तथा जरिवानासमेत हुनसक्ने व्यवस्था छ । आयोगले यदि यो कानुनी प्रावधानलाई कडाइका साथ लागू गर्‍यो भने, भ्रामक सामग्री उत्पादन र प्रसारण गर्ने व्यक्ति वा संस्थाहरू सजिलै कानुनी फन्दामा पर्न सक्छन् । त्यसैले चेतावनीलाई हल्का रूपमा लिनु आत्मघाती सावित हुनसक्छ । यद्यपी आचारसंहिता उल्लंघनका घटनामा आयोगले स्पष्टीकरण सोध्ने र कारवाही अघि बढाउने काम गरे पनि त्यस्तो कार्य भने रोकिएको छैन् । केही दल र उम्मेदवारहरुले भेला गर्ने, झण्डा, पर्चा, पम्लेटहरु लिएर हिड्ने गरेका छन् । यस्तो कार्य गर्नु आचारसंहिता विपरित हो । उम्मेदवारहरूले जितका लागि जे पनि गर्न पाइन्छ भन्ने सोच त्याग्नुपर्छ भने मतदाताहरूले पनि आचारसंहिता उल्लंघन गर्ने प्रवृत्तिलाई मौन समर्थन होइन, सचेत अस्वीकार गर्नुपर्ने समय आएको छ । मर्यादाविहीन प्रचार, पैसाको प्रभाव र झुटा राष्ट्रवादी नाराले लोकतन्त्र बलियो हुँदैन, त्यसले केवल अविश्वास र विभाजनलाई मलजल गर्छ । दीर्घकालमा लोकतन्त्र जोगाउने हो भने निर्वाचनलाई शक्ति प्रदर्शनको होइन, जनविश्वास आर्जन गर्ने अवसरका रूपमा बुझ्नुपर्छ । आज आचारसंहिताको कडाइले असहजता सिर्जना गरिरहेको जस्तो लाग्नसक्छ, तर यही कडाइ भोलिका दिनमा निष्पक्ष शासन, जवाफदेही राजनीति र स्थिर लोकतन्त्रको आधार बन्नेछ । त्यसैले आचारसंहिता पालनालाई बाध्यता होइन, लोकतन्त्रप्रतिको साझा प्रतिबद्धताका रूपमा आत्मसात् गरी त्यसको पालना गर्न सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Socia Network

छल कपट र धोका त्यति मात्रै गर्नु जति त्यसको
परिणाम भोग्न सक्छौ किनकि कर्मले कसैलाई छोड्दैन ।

*(निरुता रावतको **फेसबुक स्टाटसबाट** www.facebook.com/Niruta.Rawat)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशलाई सुपरस्टार नेता होइन, दूरद्रष्टाको खाँचो छ



**ज्योतिकिरण**

मानव शरीर र राज्य व्यवस्थाबिच एउटा गहिरो समानता छ । दुवैलाई जीवित र गतिशील राख्न बलियो प्रतिरक्षा प्रणाली आवश्यक पर्छ । चिकित्सा विज्ञानमा जब शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरस चिन्न छोड्छ वा आफ्नै स्वस्थ कोशिकालाई शत्रु ठानेर नष्ट गर्न थाल्छ, त्यसलाई 'अटो-इम्युन डिजिज' भनिन्छ । आज नेपालको राजनीति ठ्याक्कै यही ऐँजेरुले ग्रस्त छ । अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीले पहिलो पल्ट माघ १९ गते सोमबार सैंय संसद् पुगेर राष्ट्रिय सभालाई सम्बोधन गर्दै देशलाई लागेको यही रोगबारे प्रस्ट पार्ने प्रयत्न पनि गरिन् । तोकिएको मितिमा स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन आफ्नो सरकार आतुर रहेको सदनलाई बताइन् । आफू प्रधानमन्त्री बन्नुको बाध्यात्मक अवस्था र मुलुकको जटिलतालाई आफ्नै शैलीमा बयान गरेकी प्रधानमन्त्री कार्कीले मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको कुराबारे बहुकोणबाट स्पष्ट सन्देश पनि दिइन । सरकारको भूमिकामा रहेर उनले गर्नुपर्ने र भन्नुपर्ने कुरा त्यही नै हो । तर के निर्वाचनबाट प्राप्त परिणामले देशको रोग निको हुन्छ ? मुख्य प्रश्नको उत्तर अझै अमूर्त छ । यो अमूर्त उत्तरलाई मूर्त रूपमा रूपान्तरित गर्ने दायित्व निर्वाचनका मतदाताहरूकै काँधमा छ । शरीरमा 'एन्टीबडी' को काम बाह्य सङ्क्रमणलाई रोक्नु हो भने जस्तै राजनीतिमा नैतिकता, विधिको शासन र वैचारिक निष्ठा राजनीतिक एन्टीबडी हुन् । जब राजनीतिमा यी तत्त्वहरू क्षयीकरण हुन्छन्, तब समाजमा भ्रष्टाचार र दण्डहीनता जस्ता भाइरसहरूले सहजै प्रवेश पाउँछन् । अहिले नेपालको राजनीतिमा यी एन्टीबडीहरू यति कमजोर भएका छन् कि जसले संविधान र कानुनको रक्षा गर्नुपर्ने हो, उनीहरू नै त्यसको भक्षणमा तल्लीन छन् ।

*कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिचको सन्तुलन बिग्रनु भनेको शरीरका महत्त्वपूर्ण अङ्गहरू मिर्गौला, मुटु र फोक्सोले एकअर्कालाई सहयोग गर्न छोड्नु जस्तै हो । जब राजनीतिक दलहरूले जनताको हितलाई छोडेर केवल सत्ताको अङ्कगणितलाई मलजल गर्छन्, तब व्यवस्था नै धराशायी हुन्छ । जसरी शरीरमा लामो समयसम्म सङ्क्रमण रहिरह्यो भने त्यसले अङ्गहरूलाई स्थायी रूपमा क्षति पुर्‍याउँछ त्यस्तै नेपालको राजनीतिमा भ्रष्टाचार र अस्थिरता एउटा यस्तै 'क्रोनिक इन्फ्लामेसन' हो । बारम्बार फेरिने सरकार, अप्राकृतिक गठबन्धन र नीतिगत विचलनले देशको अर्थतन्त्र र प्रशासन संयन्त्रलाई 'मल्टी-अर्गन फेलियर' रोगी जस्तै बनाई दिएको छ । यसका लागि अपराधीकरण र भ्रष्टाचारको विषाक्त जालोलाई राजनीतिबाट पूर्ण रूपमा विस्थापित गर्ने, युवा पुस्ता र वैचारिक स्पष्टता भएका व्यक्तिहरूलाई नेतृत्वको अग्रपङ्क्तिमा ल्याउने, शरीरको डीएनएले जस्तै संविधानले निर्दिष्ट गरेको बाटोमा हिंड्ने अनुशासन कायम गर्ने जस्ता गम्भीर शल्यक्रिया र इम्युनोथेरापी यही निर्वाचनमार्फत गर्न आवश्यक छ ।*

चिकित्साशास्त्रमा सबैभन्दा खतरनाक स्थिति तब हुन्छ जब शरीरको रक्षक नै भक्षक बन्छ । नेपालको राजनीतिक सन्दर्भमा संवैधानिक अङ्गहरू यसमा पर्छन्, जुन अङ्गहरूले राज्यको सन्तुलन मिलाउनुपर्ने हो तर तीनै अङ्ग दलीय स्वार्थको इन्जेक्सनमा लङ्गिएका छन् । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिचको सन्तुलन बिग्रनु भनेको शरीरका महत्त्वपूर्ण अङ्गहरू मिर्गौला, मुटु र फोक्सोले एकअर्कालाई सहयोग गर्न छोड्नु जस्तै हो । जब राजनीतिक दलहरूले जनताको हितलाई छोडेर केवल सत्ताको अङ्कगणितलाई मलजल गर्छन्, तब व्यवस्था नै धराशायी हुन्छ । आज देशको राजनीति ठिक यही अवस्थाबाट गुज्रिरहेको छ । जसरी शरीरमा लामो समयसम्म सङ्क्रमण रहिरह्यो भने त्यसले अङ्गहरूलाई स्थायी रूपमा क्षति पुर्‍याउँछ त्यस्तै नेपालको राजनीतिमा भ्रष्टाचार र अस्थिरता एउटा यस्तै 'क्रोनिक इन्फ्लामेसन' हो । बारम्बार फेरिने सरकार, अप्राकृतिक गठबन्धन र नीतिगत विचलनले देशको अर्थतन्त्र र प्रशासन संयन्त्रलाई 'मल्टी-अर्गन फेलियर' रोगी जस्तै बनाई दिएको छ । जसरी कमजोर प्रतिरक्षा प्रणाली भएको मानिसलाई सामान्य रुघाखोकीले पनि थला पार्छ, त्यसैगरी कमजोर राजनीतिक चरित्र भएको राष्ट्रलाई सामान्य बाह्य दबाब वा आन्तरिक कलहले पनि अस्थिर बनाइदिन्छ । यो बिग्रिएको राजनीतिक स्वास्थ्यलाई सुधार्न सतही सुधारले पुग्दैन । यसका लागि अपराधीकरण र भ्रष्टाचारको विषाक्त जालोलाई राजनीतिबाट पूर्ण रूपमा विस्थापित गर्ने, युवा पुस्ता र वैचारिक स्पष्टता भएका व्यक्तिहरूलाई नेतृत्वको अग्रपङ्क्तिमा ल्याउने, शरीरको डीएनएले जस्तै संविधानले निर्दिष्ट गरेको बाटोमा हिंड्ने अनुशासन कायम गर्ने जस्ता गम्भीर शल्यक्रिया र इम्युनोथेरापी यही निर्वाचनमार्फत गर्न आवश्यक छ । जसरी शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरससँग लड्ने शक्ति दिन्छ ठिक त्यसैगरी, राजनीतिको प्रतिरक्षा प्रणालीले समाजलाई अराजकता, फुट र सस्तो लोकप्रियतावादबाट जोगाउँछ । जब यो प्रणाली कमजोर हुन्छ, तब लोकप्रियतावादको भाइरसले राज्यका अङ्गहरूलाई बिस्तारै गलाउन थाल्छ । हाम्रो देशको राजनीति आज ठिक यही लोकप्रियतावादी घातक इन्फेक्सनबाट ग्रसित भएको आभास हुन्छ । लोकप्रियतावाद सुन्दा जनताको पक्षमा जस्तो लागे पनि यो वास्तवमा लोकतन्त्रको 'अटो-इम्युन डिजिज' हो । यसले जटिल समस्याहरूको अत्यन्तै सतही र सस्तो समाधान देखाएर निरन्तर ब्ल्याकमेल गरिरहन्छ । लोकप्रियवादी नेताहरूले जनताको आर्थिक अभाव र आक्रोशलाई पुँजीकृत गर्छन् । उनीहरू 'हामी' र 'उनीहरू' बिचको खाडल खनेर समाजलाई ध्रुवीकृत गर्छन् । अहिले 'हामी' र 'उनीहरू' को ठाउँमा 'नयाँ' र 'पुरानो' को वर्गभेद चलिरहेको छ । जब कुनै नेताले आफूलाई कानुन र पद्धतिभन्दा माथि राखेर 'म तिम्रो मुक्तिदाता हुँ' भन्न थाल्छ, त्यहाँबाट पद्धतिको विनाश सुरु हुन्छ । आज हरेक मतदाताले पद्धतिको विनाशमा को उद्धत छ ? छुट्ट्याउन सक्नु पर्नेछ ।इतिहास साक्षी छ- संसारले त्यतिबेला मात्रै गति लिएको छ, जब नेतृत्वले लोकप्रिय हुने लोभ त्यागेर लोकहितको बाटो रोज्न सक्यो ।

विश्व चर्चित नेता विन्स्टन चर्चिलले भनेका छन्, 'लोकतान्त्रिक राजनीतिमा नेतृत्वको परीक्षा उसले गर्ने भाषणमा होइन, उसले निर्माण गर्ने पद्धतिमा हुन्छ ।' अमेरिका गृहयुद्धले थिलथिलो भएको बेला अब्राहम लिङ्कनले कहिल्यै सस्तो नारा दिएनन् । उनले 'विभाजित घर टिक्न सक्दैन' भन्दै राष्ट्रिय एकताका लागि कठोर र अलोकप्रिय निर्णयहरू लिए । २७ वर्षको जेल जीवनपछि निस्किँदा नेल्सन मण्डेलाले प्रतिशोधको राजनीति गर्न सक्थे, जुन तत्कालीन समयमा निकै लोकप्रिय पनि हुन्थ्यो । तर, उनले सत्य र मेलमिलापको बाटो रोजेर दक्षिण अफ्रिकाको राजनीतिक प्रतिरक्षा प्रणालीलाई बलियो बनाए । नेपाली सन्दर्भमा राजा महेन्द्र, बीपी कोइराला, पुष्पलाल त्यस्ता चिन्तक थिए, जसले भीड र जनताबिचको फरक बुझेका थिए । उनीहरूले कहिल्यै सस्तो लोकप्रियताका लागि सिद्धान्त बेचबिखन गरेनन् । यसपटकको निर्वाचनमा जनताले इतिहासको यस्तो आँखीझ्यालमा पनि नजर लगाउन सक्नुपर्छ । नेपालको राजनीति अहिले आइसीयूमा त छैन, तर यसको प्रतिरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त हुने सैारमा छ । यदि बेलैमा राजनीतिक कोशिकाहरूमा नैतिकताको पुनर्जीवन गरिएन भने, यो अटो-इम्युन रोगले राष्ट्रको अस्तित्व नै सङ्कटमा पार्न सक्छ । स्वास्थ्य र राजनीति दुवैमा एउटै सत्य लागू हुन्छ- भित्रैबाट बलियो नभएसम्म बाहिरको ओखतीले मात्र जीवन धान्न सकिँदैन । राजनीतिको बिग्रिएको प्रतिरक्षा प्रणाली सुधार्न एन्टीबायोटिकले मात्र काम गर्दैन, यसका लागि संवैधानिक नैतिकताको पुनर्जागरण आवश्यक छ । हामीलाई यस्तो नेतृत्व चाहिएको छ, जसले आगामी निर्वाचन मात्र होइन, आगामी पुस्ताको भविष्य देख्न सकोस् । लोकप्रियतावादले क्षणिक ताली त दिन्छ, तर इतिहासले उसलाई मात्र सम्झन्छ, जसले कठिन समयमा सही र न्यायपूर्ण बाटो हिँड्ने साहस गर्छ । देशलाई आज सुपरस्टार नेताको होइन, प्रणाली स्थापित गर्ने दूरद्रष्टाको खाँचो छ । यो पटकको निर्वाचनले दिएको नागरिक दायित्व पनि यही नै हो ।

*-रातोपाटी डटकम*

## महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मबल वृद्धी हुनेछ। गोप्य योजना वा रणनीति बनाउने समय मिल्न सक्छ। | **तुला** : स्रोत व्यवस्थापनमा ध्यान जानेछ। अनावश्यक खर्चले तनाव बढाउन सक्छ। |
| **वृष** :समझदारीको विकास हुनेछ।जिद्दी स्वभावले दूरी बढाउन सक्छ सचेत रहनुहोस्। | **वृश्चिक** : आकर्षण बढ्नेछ।अत्यधिक गोपनीयताले सम्बन्धमा दूरी ल्याउन सक्छ । |
| **मिथुन**: कामप्रति ध्यान केन्द्रित हुने अवस्था रहेको छ।चिन्ताले मन अस्थिर बनाउन सक्छ। | **धनु** : आत्मविश्लेषण गर्ने अवस्था बन्नेछ। पुराना अनुभवबाट सिक्ने अवसर मिल्नेछ। |
| **कर्कट** : सम्बन्धमा गहिरो नजिकपन महसुस हुनेछ। कलात्मक कार्यमा रुचि बढ्नेछ। | **मकर** : योजना सफल बन्ने संकेत देखिएको छ। अविश्वासले सम्बन्ध कमजोर बनाउन सक्छ। |
| **सिंह** : निजी जीवनमा ध्यान जाने समय र हेको छ।अहंकारले सम्बन्ध बिगार्न सक्छ । | **कुम्भ** : कार्य क्षेत्रमा ध्यान जाने दिन बन्नेछ। अहंकारले सहकार्य कमजोर बनाउन सक्छ । |
| **कन्या** : बोलीमा कठोरता आए सम्बन्ध कमजोर बन्न सक्छ मिठास राख्नुहोला। | **मीन** : अनुभवले सोच गहिरो बन्न सक्छ। आध्यात्मिक वा अध्ययनतर्फ आर्कषण बढ्नेछ। |




निबन्ध — इन्दिरा दीक्षित

# के म पनि मान्छे नै हो त ?

आज पनि फेरि उन्ले उहि प्रश्न दोहोर्याएर ! "तपाईंलाई मन पर्ने कुरा चाँहि के हो त ? फेरि पनि म उस्तै तरिकाले अलमल्ल पर्छु कि मलाइ मनपर्ने कुरा के हो त "? सोच्दासोच्दै निकै समय बिते पनि दिमागमा केहि आएन, उन्ले भने "अब भोली सोचेर भन्नुहोला" हस् हुन्छ त भनें तर पनि के कुरा हो त मलाई मन पर्ने ? सोच्दा सोच्दै निकै रात बितेछ, तै पनि मलाई केहि सुझेन, मेरो मन पर्ने कुरा के हो र ? उनी मेरा फेसबुके साथी, उस्तै उमेर हाहारारी होला तर भेटघाट कैले पनि भएको छैन, निकै टाढा बस्छन्, फेरि पनि कैलेका...ंही म सँग गफिन खोज्छन् । उन्को कुरा गराइमा लाग्छ निकै बिध्वान मान्छे होलान्, फेसबुकको तस्विर हेर्दा जीवनकालका आधा बसन्त पार गरेता पनि जवान नै हुन कि भनेजस्ता देखिन्छन् । दुनिया...ं देखेका उनी, धेरैजसो ज्ञानगुणका र उन्कै जीवनमा घटेका आश्चर्य लाग्दा र नितान्त बेग्लै खाले कुरा, मेरो सोचाइमन्दा निकै परको मेरालागि जान्न र बुझ्न आवस्यक र उपयोगि हुने खालका कुराहरुका बारेमा मलाइ सुनाउँछन्, म निकै उत्सुक र चाखमान्दै सुन्छु । निकै लामो कुरा गराइमा मेरो काम धेरै जसो सुन्ने र उनको कुराको सहि थाप्ने मै सिमित हुन्छ, निकै बेरको कुराकानी पछि एक पटक सोधेकै हुन्छन् । "तपाईं को मनपर्ने कुरा के हो "? त्यतिबेला म अकमक्क पर्छु खासै मेरो मनपर्ने कुरा के हो र ? प्रसँगबस एक दिन उनीसँगको गफ गराइमा राजनैतिक कुराहरु धेरै भए । "तपाईंको मनपर्ने पाटी कुन हो "? उन्को सोधाइमा म अकमकीएँ ! जवाफ नआएपछि फेरि सोधे "अघिल्लो पटको चुनावमा भोट कुन पाटीलाई हाल्नु भो र तपाईंले "? त्यत्ति त मलाइ याद थियो भोट कुन पाटीलाई हाँले तर मर परेर हालें अथवा किन हाँले त्यो चाँही थाहै भएन, हावा हुरी र घरको माहौलले जस्लाई भन्छन् उसैलाई हालेको थिएँ । मैले जवाफ त दिएँ एउटा पाटीको नाम लिएर त्यसमा पनि उन्ले प्रश्न तेर्स्याए "तपाँईंले नेता मन परेर भोट हालेको कि पाटी मन परेर "? अब भने मलाई जवाफ दिन झन् गारो भयो । नेता मन परेको भनौ भने कसैलाई चिनेको छैन, को हुन्, के हुन्, का...ं बाट आएँ, केही थाहा छैन, अनि पाटी मन पर्यो भनौ भने च्याउ उम्रे सरिका पाटीहरु नया...ं त के पुरानाका बारेमा पनि कैले केहि चासो भएन । कुन् पाटी कस्को हो ! कस्तो पाटीले के कस्तो का...ंमहरु गर्छ यस बिषयमा कैले पनि वास्ता गरीन । मेरो मौनतामा अब उन्ले भने "कस्तो मान्छे तपाईं त ? आफ्नै देशमा के के हुन्छ यसको बारेमा जानकारी राख्नु पर्दैन त" ! म जिल्ल परें, यो सबै कुराको मलाई ध्यानै थिएन ! कसैले पनि यसबारेमा पैला कैले भनेकै थिएन, उन्को कुराको भेउ पाउन मलाई निकै कठिन भयो, म चुपैलागे । अनि फेरि उनैले भने "तपाईंलाई मनपर्ने कुरा चा...ंहि के हो त "? अर्को दिन फेरि उन्को र मेरो गफ चल्यो माध्यम त उहि हो इन्टरनेट । त्यो दिन पनि धेरै कुरा भए खै किन हो उनिसँग गफिन मलाई पनि निकै रमाइलो लाग्न थालेको थियो । गफको शिलशिलामा खानेकुराको प्रसँग चल्यो, उन्ले "सोधे तपाईं के के खानुहुन्छ "? मैले भनें "मेरो घरमा पाकेको र खान हुने चीज सबैथोक खान्छु " "मन परेको र मीठो लाग्ने कुरा चै के हो त "? अब फेरि मलाई आपत पर्यो ! मीठो र मन परेको खानेकुरा चाँही के हो त ? सबै त मलाई मीठो लाग्छ ! नमीठो केहि लाग्दैन । मैले भने "मलाई सबैचीज मीठै लाग्छ, आफ्नो घरमा बनिएका चिजहरु सबै त खान्छु अब यस्मा मीठो नमिठो मनपर्नु न पर्नुको कुरा के हो र"? फेरि मेरा मित्रले प्रश्न गरे "के तपाईंको घरमा बनिएका सबै चीज परिवारका सबै सदस्लाई मीठो लाग्छ त" ? अब भने सोच्न थालें, मैले अनकनाएको थाहा पाएर मित्रले भने "सोचेर भन्नुस् है त, म पछि कुरा गर्छु" हस् भनेर फोन बन्द गरें । अब फेरि मेरा मित्रले मलाई सोचमा पारे ! हो त ! मेरो छोराछोरीदेखि अरु परिवारका सदस्यले सबै चीज काँहा खान्छन् त ? कसैलाई नुन चर्को चाँहिन्छ त कसैलाई बिलनु, कसैलाई झोल चाँहिन्छ त कसैलाई चोक्टा, कसैलाई साग मनपर्छ त कसैलाई आलु मात्रै, कोहि मासु खान्छन् त कोही खादैनन्, कसैलाईं चट्ट तारेको मासु चाँहिन्छ तकोही झोल भन्छन्, कसैलाई गुलीयो मीठाइ मनपर्छ त कसैलाई नुनीलो परिकार चाहिन्छ, घरभरिको मान्छेको चाहा फरक फरक छ अनि ति सबैको बिचार गरेर मैले खाना बनाउँदा थरीथरी बनाउँछु । अझ कैलेकाहिँ घरमा आएका पाहुँना पनि सबैथोक खानेखाले हुँदैनन्, उनको रुचीको पनि ध्यानमा राखेर म खाना बनाउँछु तर आफ्नो रुची चै के कुरामा छ मेरो ध्यान त्यतापट्टि कैले पनि गएर । म कस्तो मान्छे ? मेरो पनि मनपर्ने नपर्ने परिकार हुनुपर्ने तर खै यस बारेमा त कैले सोचीन ! तर मेरा मित्रले मलाई यस बिषयमा किन् सोधेहोलान् मलाई अचम्म लागिरह्यो । अर्को दिन फेरि उनैको फोन आयो औपचारिकता को आँदान प्रदान पछि फेरी उहि कुरा "तपाईंको मनपर्ने कुरा के हो "? म हैरान भैसकें अब उन्को कुराको मसँग केहि जवाफ हुन्थेन फेरिपनि उनि सोध्न छोड्दैन थे । आज उनले अलि प्रसँग बदलेर सोधे "तमाईं कस्तो लुगा मन पराउनु हुन्छ"? यो पनि मैले ध्यान दिएकै छैन, कस्तो लुगा मलाईं मनपर्छ भनेर, प्राय कुर्थासुरुवालमा सधैंजसो बसेकी हुन्छु, कैलेका...ंही औपचारिक कतै जानपरे सारी चोलीमा पनि सजिन्छु, तर यै मनपर्ने भन्ने त छैन, अरुले चट्ट परेको लुगालगाउँदा सारै राम्रो लाग्छ तर आफुले कैले लगाइन, अब उन्को कुराको जवाफ के दिउँ कि मलाइ कस्तो लुगा मनपर्छ भनेर ! फेरि म अल्मलिएको देखेर उन्लेभने "लुगाको तरिका थाहा नभए पनि रँग त मनपर्ने हुन्छ होला नि ! कस्तो रँगको लुगा मनपर्छ तपाईंलाई "? त्यो पनि मलाई थाहा भएन जस्तो रँगको आइमिल्यो त्यस्तै लगाएँ । चित्तबुझ्दो जवाफ नआएपछि उन्ले कडिकिदै भने "तपाईं कस्तो मान्छे ? अर्काको बारेमा सबै कुरा चाँहि याद राख्ने तर आफ्नो बारेमा चाँहि केहि वास्तै छैन ? अब राम्ररी ऐनामा उभिएर हेर्नुस् त तपाई निकै राम्रीपनि त हुनुहुन्छ " उन्को यो शब्दले मलाई ब्यँग गरेझैं लाग्यो, म बयस्क सन्तानकी आमा अनि राम्री नराम्री को के मत्लव हो र ? आजसम्म मलाई "तिमी राम्री छ्यौ " भनेर कसैले भनेको छैन र मैले सुनेको पनि छैन । मैलेपनि कैले ध्यान दिइन कि म राम्री पनि छु भनेर ! तर उन्को नजरले मलाई किन राम्री देख्दै छ ? के म साच्चै राम्री पनि छु त ? उनि किन बारबार मलाई यसो भन्दैछन् । फेसबुके साथी, उन्को र मेरो परिचयको माध्यम फेसबुक, न लेना न देना ! म यस्सो काम नपाएर केहि टुक्रा टाक्री कविता लेखेर फेसबुकमा पोष्ट गरेको र उन्ले पढेकै भरमा मलाई कति चीने र यस्त कुरा गरेका हुन् त ? कुरा गर्दा त निकै बुध्दिमानी र भलाद्मी जस्ता छन् फेरि पटकपटक एउटै कुरा किन दोहोर्याउँछन् ? "तपाईंलाई मनपर्ने कुरा के हो "? उन्को कुराले मलाई निकै सोचनीय बनायो । आफ्नो बारेमा आफै अनभिज्ञ, बैज्ञानिकले बनाएको रोवोट जस्तै साच्चै म मान्छे नै हो त ? मैले बुझे अनुसार मेरा मित्रलाई म प्रति दया लागेको हुनु पर्छ कुराकानिको शिलशिलामा या मेरा केहि लेख पढेर मेरा बारेमा निकै कुरा जाने होलान् ! आखिर उनि त ठुला लेखक हुन् । दुनिया...ंको बारेमा बेखवर र आफैप्रति अनभिज्ञ एउटी अबला नारी । प्रतेक दिन उनी मलाई बुझाउन खोज्दाहुन्, सुतेको मनलाई घच्घच्याएर बिउँझाउन खोज्दाहुन् "तिमी पनि अरु जस्तै सुन्दर मान्छेनै हौ, बुद्धिमान र बिवेकशील छ्यौ, अरुको जस्तै हाड, छाला, रगत, मासुले, बनेको सरिर तिम्रो पनि हो, अरुको जस्तै तिम्रो पनि सरिर भित्र सानो मन हुन्छ अनि मन भित्र इच्छा, आका...ंक्षा र सम्बेदना पनि हुन्छ । तिमीले त्यो कैले बुझिनौ, या भनौ बुझ्नै खोजिनौ, अझैपनि केहि बिग्रेको छैन बुझ्ने कोशिस गर, म बुझाउछु । तिमीले नजानेका कुरा म सिकाउँछु, मेरा औला समात म दुनिया...ं देखाउँछु, तिमी कता हरायौ म खोजेर ल्याउछु, बस् यत्ति कुरा बुझ म तिम्रो असल मित्र हुँ, मात्र मेरो बिस्वास गर, म यौटै मात्र कुरा भन्छु तिमी मान्छे हौ अनि मान्छेनै भएर बाँच" अब मलाई मेरा टाठाका मित्र प्रति गाढा बिश्वास लाग्दैछ, अरुको त के कुरा भयो र ! मेरा जन्मदाता देखि सहयात्री अनि आफ्नै सन्तानले पनि मलाई कैले चिनेनन् । भिडमा हराएकी एक्ली नारी, आफ्नो अस्तित्व बिहिन भएर बा...ंचेकी, "दिन बिताउनु काल पर्खनु" भने जस्तै मेरो दिन चर्या अनि अर्काको लागि बा...ंचेकी म, उन्ले मलाई कसरी चीने, कुन रुपमा देखे यो उनै जानुन् । भगवानलाई कसैले पनि देखेको हुँदैन, नबोल्ने मुर्तिमा भगवान कसरी भेटिन्छ र ? म एक्लै कल्पना गर्छु सायद मेरालागि ईश्वरले पठाएका कुनै भगवान या देवदूत उनै होलान् जुन मेरो जीवनको लक्ष तिरको मार्ग निर्देशन् गर्दैछन्, चारैतिर स्वार्थले घेरीएको दुनिया...ंमा आसाको किरण भएझै यस्ता निस्वार्थी मान्छे पनि हुँदा रहेछन्, अँध्यारोमा हराएकी मलाई उज्यालो तिर डोहोर्याउन खोज्दैछन् । आखिर उन्लाई नपुग्दो केहि छैन, म बाट केहि आसा पनि छैन, फेरिपनि खै किनहो कुन्नि मलाई नितान्त सफदयि मित्र मान्छन् । राधाकृष्णको जस्तो निर्मल प्रेम उन्ले देखाए पनि उनीप्रति मेरो मीरा भक्ति अटुट रहने छ । दुनिया...ंले जे सुकै भने ता पनि म उन्को सफदयी मित्र बन्न सकुँ, म माथि उन्को अगाध स्नेह सँदा बर्षि रहोस् । इस्वर सँग यहि प्राथना छ टाठा भए पनि उन्को साथ कैले नछुटोस् ! अधिर भएको मनको कुनाले खोज्दै छ, ससरिर उन्क सामु उपस्थित भएर सोध्न मन लागेको छ, हजुरले देखेको र महसुस् गरेको मान्छेको स्वरुप भएकी म एउटी अबला, कुनै सिल्पकारको कठपुतली जस्ती, नर्तकीको औंलाले जता नचाउँन खोज्यो डोरिले उतै तानिएर नाचेकी जस्ती आफ्नो अस्तित्व केहि नभएकी, स्वास फेरे पनि निर्जीव जस्ति, आफन्तको बिचमा रहेर पनि नितान्त एक्ली जस्ती आइमाई, "के म पनि साच्चै मन्छे नै हो त "? अनि हजुरले चीनेको मान्छेको साकार रुप म मा बिध्यमान छ त ? म माथिको यत्तिको गाढा स्नेहको औचित्य के ?

*-समकालीन साहित्य डटकम*

कथा — जगदीश चन्द्र बराल

# पूर्नेलाई खाडीले बोलायो

हर्के सार्की र उसकी स्वास्नी सुन्तली आज पनि वरबोटेमै छन् । हिल्याउने काम सकी आली आउने पनि सकिएको छ । भोलिको रोपाईंको लागि आज बीउ काढ्न धमाधम छ उनीहरूलाई । पहिले जस्तो घोक्सिला खोला कहाँ छ र ? प्रत्येक वर्ष घट्तो पानीले गर्दा रोपाईंका लागि पनि पालो कुर्नुपर्ने । त्यो दिन ऊ र अरु छेउछाउका छिमेकका लागि पानी पाउने पालो रे । त्यो छोप्न नसके उनीहरूको पालो गुम्छ, मुहानका वा पुछार खोलाका खेततर्फ पालो आफसेआफ सर्छ । त्यस्तो भइदियो भने त यो वर्ष रोपाईं नै नहुने डर सम्म छ । रोपाईंको काम कहाँ सजिलो छ र? त्यो ढुंग्याने खेतको १० मुरी माटो एकल परिवारले रोपिसक्ने कुरा पनि भएन । बाउसे र रोपाहार पाइसक्नु छैन । धेरै त खाडी मुलुकको तातो खाँदै भेडा खेद्दै वा सेट्टी हेल्मेट लगाएर त्यहाँको गगनचुम्बी घर बनाउन लेबरको काममा तल्लीन होलान् । बचे खुचेका पनि कि त सिन्धुली बजार कि त राजधानी काठमाडौंतिर भाग्य अजमाउँदै होलान् । गनिमत कि हर्के र सुन्तलीले पर्ममा मानिस पाएका छन् । यता उनीहरूको रोपाई सकेपछि क्रमिक रूपमा छिमेकीको रोपाईं हुन्छ, जहाँ उनीहरूले पर्म तिर्दा हुन्छ । दिनको एक बज्यो होला तर प्रचण्ड घामको रापचाहिँ किन्चित कम भएझैं देखिएको छैन । खुसीको कुरा के भने, धेरै बीउ काडी सकियो । अब एक कुना मात्र बाँकी छ । उनीहरू दुवै, छेवैको आँपको छहारीमा सुस्ताउन पुगे । सुन्तलीले पछ्यौरामा बाँधिल्याएको वाइवाइ चाउचाउको पोको खोली । प्याकेट बाहिरबाटै कर्याककुरुक पारी अनि एक हर्केतर्फ बढाई र अर्को आृनै हातमा खन्याइ खाने सुर कसी । हर्केले हात बढाउँदै भन्यो, "किन यस्तो फजुल खर्च गरेकी ?" थप्यो, "यो भन्दा त मकै भटमास नै ल्याएको भए हुन्थ्यो नि ! हेर् सुन्तली, हामीले अलिक खर्चको जोहो गर्नुपर्छ । जेठो गोपेलाई एसएलसीभन्दा पढाउन सकिएन । कान्छो पुर्नेको रिजल्ट छिट्टै आउँछ रे । स्कूल पास भैहाल्यो भने उसलाईचाहिँ सिन्धुली वा काठमाडौं पढ्न पठाउनु पर्ला । बिचराले औधी मन गरेको छ ।" सुन्तलीले हाँस्दै भनी, "ठिकै भन्यौ तिमीले, गोपेको बा तर दुई प्याकेट चाउचाउले उसको पढाई खर्च धान्ने पनि त होइन नि !" एकै छिनमा उनीहरू फुको चाउचाउ मर्काउन थाले । राजसी नास्ता गरेको भावमा सुन्तलीको मुख उजेलिएको भान हुन्थ्यो । बरबोटे किन्न चाहेर पनि धोका भएको कुरा पनि अनायासै निस्क्यो । त्यो खेत खासमा उनीहरूको गिरहतको हो रे । उनीहरूकामा हर्के र उसका बा पुस्तौनीदेखि हली थिए । अहिले तराईतर्फ बसाइँ सराइ गरेर गएकाले मात्र उनीहरूले ठेक्कामा लिएका थिए, त्यो जमीन । किन्नका लागि पैसा समेत सरसापटमा जोडजाम गरेका हुन् तर अन्त्यमा अचाक्ली मोल लगाइदिए रे । वर्षौं उनीहरूकामा हलो जोतेको थोरै गुन पनि सम्झिएनन् भन्ने गुनासो निस्किरहेको थियो, उनीहरुका मुखबाट । सापट लिइसकेको पैसा समेत फिर्ता गर्नु परेकोमा उनीहरूले एकछिन थकथक साटासाट गरे । नास्ता सकेर जोडी ब्याडमा फर्के । बीउ काडी, हातगोडा धोइपखाली मात्र के गरेका थिए, छोरो पूर्ने अकस्मात् झुल्क्यो । परैबाट चिच्यायो, "सेकेन्ड डिभिजन !" जोडीको हर्षको सीमा रहेन । छोरालाई पालैपालो अंकमाल गरे । सोधे, "तेरा साथीहरूचाहिँ को को पास भएछन् त ?" पूर्नेले आफ्नो स्कूलबाट आफू मात्र पास भएको कुरा खोल्यो । जोडी गद्गद भए । दलित भएर के गर्नु ? हर्के अलिक चनाखो छ । स्कुलको गिर्दो शिक्षा स्तर उँभो लागिहाल्छ कि भनी ऊ बराबर त्यहाँ जान्छ । हेडमास्टर अनि सञ्चालक समितिका अध्यक्षसँग बारम्बार अनुरोध गर्छ । वर्षौंदेखि खालि रहेको म्याथ, साइन्स अनि अंग्रेजी शिक्षकको तुरुन्त पदपूर्ति होस् भनी अनुनय विनय गर्छ तर उसले हरेस खायो । हेडमास्टर स्वयंले आफ्ना छोराछोरीलाई त्यस स्कुलबाट झिकेर सिन्धुलीको कुनै खर्चिलो बोर्डिंग स्कुलमा हाले । स्कुलको अत्यन्त कमजोर पृष्ठभूमि सम्झिएर ऊ आफ्नो छोरोको सफलतासँग नतमस्तक हुन्छ । दुवैको हर्षको आँसु बग्छ । अब पूर्नेलाई पढाउनुपर्छ भन्ने कुरामा उनीहरू अझ दृढ छन् । पूर्नेका साथी धने, रामे र टुल्के मुखैमा आएको परीक्षा छोडी अरबतिर हानिएको पूर्नेलाई थाहा छ र उसका बाबुआमालाई समेत । पूर्नेलाई समेत जाऊँ भनी उद्धम गरेका थिए रे तर पूर्नेको पढ्ने हठ र हर्के अनि सुन्तलीको उसलाई पढाउने अठोटका अघि ती तिनजनाको जोडबल कमजोर भएको थियो । उनीहरू ए-एउटै त्यतैतिर हानिए । हर्के अनि सुन्तलीको छोरालाई पढाउने अभिलाषा ज्युकात्यूँ छ तर गाँठी कुरा त खर्चबर्चको कुरा पो हो त ! सार्की जोडी त्यसकुरामा दिनरात मथिंगल गर्न थाले । काठमाडौंमा पढाउने चौपट्टै सौख थियो । त्यो पनि विज्ञान विषय । विज्ञान पढेमा डाक्टर, इन्जिनियर सम्मका लागि ढोका खुला रहन्छ भन्ने कुरा उनीहरूले आफ्नै बराल अनि पोखरेल थरका बाहुन क्षेत्रीबाट सुनेका हुन् । तर सौख भएर मात्र पनि के गर्नु ? हैसियत पनि त हुनु पर्यो नि । गाउँकै पुराना गिरहतका छोराले काठमाडौंमा निकै लब्धप्रतिष्ठित विज्ञान कलेज खोलेका छन् रे । त्यहाँ भर्ना भए आधा शुल्क मिनाहा गरिदिने पनि भनेका रहेछन् तर त्यो आधा समेत उनीहरूले कसरी जुटाउने ? काठमाडौंको त्यो महँगो डेरा भाडा अनि खानपीनको खर्च ! हर्केले सुनेको छ आजभोलि सिन्धुली माढीमै पनि केही राम्रै कलेजहरू खुलेका छन् रे । त्यहाँ भए त डेरा भाडा र खानपीन खर्च पनि त कम होला । फेरि अर्को कुरा, आइजाइ गर्न पनि त सजिलो छ । रोपो गोड्ने बेला भएको छैन । घरमा खास काम पनि छैन । थाकेको गाई, बाछी, सुंगुरका पाठा र एक जोडी कुखरालाई त गोपेले हेरचाह गर्न सकिहाल्छ । बारीकान्लामा घाँस पाउला भएको बेला हुनाले पनि उनीहरूले धेरै सुर्ता लिनुपर्ने कुरा भएन । रिजल्ट हात परेको केही दिनमै हर्के, सुन्तली अनि पूर्ने सदरमुकाम माढीका लागि निस्कने भए । गोपे भने भाइको पढाइप्रति खासै उत्साहित छैन । भन्दै थियो, "खै तैंले मबाट सिकेको ? पाँच सालअघि मैले एसएलसी पास गरेर के भो ? अहिलेसम्म बेरोजगार छु । घुस नख्वाई यो देशमा कसैले जागिर पाउँदैन ।"उसको कुराले एकोहोरिइसकेका उसका बाबुआमा र भाइको मन फर्काउन सकेन । अत्यधिक रक्सी सेवनको बानीले पनि होला, उनीहरू उसको कुरा खासै सुन्दैनन् । पूर्नेले आफ्नो सर्टिफिकेट प्लास्टिकमा बाँधीवरी सुरक्षाका साथ छड्के झोलामा बोकेको छ । सुंगुरको पाठा बेचेको रु ३२०० अनि बिष्ट साहुसँग सापटी लिएको रु १८०० चाहिँ हर्केकै इष्टकोटको भित्री गोजीमा टाँक लाइओरि सुरक्षित छ । वस्तुभाउको राम्रो ख्याल गरे है भनी गोपेलाई अर्थ्याउँदै उनीहरू बाटो लाग्छन् । सबैभन्दा अघि हर्के लागेको छ भने पूर्ने अनि सुन्तली पछिपछि । सुन्तलीको टाउकोमा एक कुम्लो देखिन्थ्यो । खाजा सामल बोकेकी हुनुपर्छ । पल्लो दोबाटो नपुग्दै बाहुन गाउँको कालो बिरालोले बाटो काट्छ । अलिक अमिलो मन बनाउँदै हर्केले थु थु गर्छ । उनीहरू अघि बढ्छन् । अर्को एक/डेढ घन्टामा काठमाडौंबाट आउने सुमो सेवाबाट उनीहरू सदरमुकाम माढी पुगिसकेका हुन्छन् । सुन्तलीले सुमोबाट ओर्लंदै भन्छे, "कस्तो जमाना आयो ! १९/२० वर्षअघि उसको बिहा हुँदा सम्म त्यहाँ पुग्न एक दिन जस्तै मरिकुच्चे हिँड्नु पर्थ्यो ।" उनीहरू अब सोध्दै खोज्दै 'इच्छा बोर्डिंग स्कूल' तिर लाग्छन् । त्यहाँको पढाइ अब्बल छ भन्ने हर्के अनि पूर्ने समेतले सुनेका छन् । अनि सुनेका छन्, गरीब विद्यार्थीलाई सहुलियत समेत हुन्छ भन्ने । हेडमास्टरसँग भेट हुन्छ अनि हर्केले आृनो छोराले विज्ञान पढ्न चाहेको आशय व्यक्त गर्छ । हेडमास्टरले मार्कसिट नियाल्दै व्यक्त धारणा सँगै पूर्नेको विज्ञान पढ्ने सपनामा तुषारापात भैसकेको हुन्छ । गणित र विज्ञानमा सारै कम नम्बर रहेछ रे । ऊ मानविकी संकायमा १०+२ का लागि मात्र योग्य छ रे । उसको भर्ना हुन्छ र नामचाहिँ सर्टिफिकेट अनुसारकै हुन्छ: 'पूर्ण अछामी ।' हतारिँदै हर्केले शुल्क सहुलियतको आशय पनि व्यक्त गर्छ तर दुर्भाग्य ! वार्षिक सहुलियतका दुई कोटा मध्ये आधा घण्टा अघि मात्र दुवै कोटामा विद्यार्थी भर्ना भैसके रे । छेवैमा बसेकी सुन्तलीको दोषारोपण कालो बिरालोमा पर्छ । भनी: "असत्तिले बाटो काटेपछि के साहित बन्थ्यो ? " जे होस् पूर्नेचाहिँ खुसी छ । अब ऊ त्यसै स्कूलबाट १०+२ सक्ने सपना बुन्न लागेको छ । भोकाएका उनीहरू खाजा सामलको कुम्लो फुकाउन मात्र के लागेका थिए, बजार मुखैमा एक अधबैंसे आइमाई चर्को घाममा मकै पोल्दै थिई । पूर्नेले मकै खाने इच्छा गर्यो । बिहानको भात नखाएकाले अलिक आडिलो कुरा पेटमा हल्नुपर्छ भन्ने उसको तर्क रह्यो । पुत्पुताइरहेको धुवाँ छेउ गइ पूर्नेले मकै किनी ल्यायो । तीन घोगाको ठ्याक्कै साठी रुपियाँ तिरेछ । सुन्तलीले जिज्ञासा राखी, "इ जाबो मकैको यत्रो औधी पैसा ! यसमा त थुप्रै आम्दानी हुन्छ कि कसो ?" थपी, "खेतीबारी छोडेर यस्तै पेशा पो गर्नुपर्छ कि क्या हो, गोपेका बा ?" हर्के हाँसी मात्र रह्यो । अब उनीहरू दाहाल टोलतिर सोझिन्छन् । हर्केले सुनेको छ, त्यतैतिर पूर्नेलाई बस्न अलिक सस्तो डेरा पाइन्छ । स्कुल आउन जान ४५ मिनेट जति हिँड्नुपरे के भो त । उनीहरू बाटोभरि खाली कोठाबारेमा खोजखबर गर्दै अघि बढ्छन् । कसैले दाहाल माइलोको घरमा कोठा खाली रहेको सूचना दिन्छ । सानो कोठा छ रे, कोरोना संक्रमणदेखि नै खाली छ रे । सस्तोमा पाइनेवाला रे । हतारहतार उनीहरूका पाइला त्यसतर्फ बढ्छ । दाहाल माइलोकी जेठी छोरी काठे बार्दलीबाट नियाल्दै थिई । उनीहरूले कोठाको बारे सोधखोज गरे । सकारात्मक भावमा टाउको हल्लिएको देखेपछि खुशी भए । एकैछिनमा घरबेटी स्वयम् तल झरिन्, लगाएको ताल्चा खोलिन् र ढोका धकेलिन् । कोठा सानो भए पनि उज्यालोचाहिँ रहेछ । मासिक रु ५०० मा भाडा तय भयो । हिँड्नै लाग्दा उनीहरूको थातठेगाना अनि नाम-नमेसी सोधियो । पैसा अलिकति जम्मा हुनासाथ घर पठाइदिने वाचा गर्दै पूर्ने बिदा हुन्छ । टर्मिनलभित्र पस्दा उसले बाहिर फर्केर हात हल्लाउन खोज्यो । सुन्तली सुँक्कसुँक्क गर्दै आफ्नो चेहरा छुपाउँदै थिई भने हर्के उसलाई सम्झाउन उद्द्यत थियो । एकै छिनमा उनीहरू कोटेश्वर पुगिसकेका छन् अनि सोध्दै छन्, "कुन सुमो सिन्धुली जान्छ हँ ?"

*-साहित्यपोस्ट डटकम*

# छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु



**पाल्पा,** माघ २८/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार लमजुङ, काठमाडौं, झापा, म्याग्दी, दार्चुलामा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको हो ।

लमजुङको मर्स्याङ्दी गाउँपालिका(९ मिर्चेस्थित सडकमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भुजुङबाट कालढुङ्गातर्फ आउँदै गरेको ग. १ ज ५०६५ नम्बरको जिप अनियन्त्रित भई बुधबार बिहान दुर्घटना हुँदा जिपमा सवार क्व्होलासोथर गाउँपालिका-४ भुजुङ बस्ने ७४ वर्षीया मल कुमारी गुरूङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको प्रदेश अस्पताल लमजुङमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अन्य ७ जनाको सोही अस्पतालमा उपचार भईरहेको छ । प्रहरीले जीप चालकलाई नियन्त्रणमा लिई दुर्घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।यस्तै काठमाडौंको गोकर्णेश्वर नगरपालिका-७ दक्षिणढोका नमुना चोक बस्ने ३२ वर्षीय छिरिङ लामा आफ्नै घरमा बुधबार मृत अवस्थामा फेला परेका छन् । उता झापाको हल्दीबारी गाउँपालिका-४ मंगलबारे बजारस्थित छाप्रोमा पनि हाल नाम, थर र वतन नखुलेका अन्दाजी ६० वर्षीय एक पुरूष पनि मृत अवस्थामा फेला परेका केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै म्याग्दीको मंगला गाउँपालिका-५ स्थित बाबियाचौर म्याग्दी खोलाको किनारमा सोही गाउँपालिका-५ अर्मन पिपलबोट बस्ने ६० वर्षीया गंगादेवी कँडेल बुधबार मृत अवस्थामा फेला परेकी छिन् । उता दार्चुला, मार्मा गाउँपालिका-१ घोल्जर बस्ने २५ वर्षीय प्रकाश ठगुन्ना आफ्नै घर नजिकै रहेको गोठमा बुधबार मृत अवस्थामा फेला परेका छन् । सम्पूर्ण घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खेलकुद समाचार

### नेपाली सेनालाई पाकिस्तानमा स्वर्ण पदक



**काठमाडौं,** माघ २८/नेपाली सेनाले पाकिस्तानमा आयोजित नवौँ पाकिस्तान आर्मी स्पिरिट प्रतियोगितामा स्वर्ण पदक जितेको छ । यही माघ २२ गतेदेखि २४ गतेसम्म पाकिस्तानको पञ्जाब प्रान्तको खरियाँमा रहेको 'नेशनल काउन्टर टुरिजम सेन्टर' मा आयोजित प्रतियोगितामा नेपाली सेनाले सर्वोत्कृष्ट अङ्कसहित स्वर्ण पदक जितेको हो । प्रतियोगितामा पाकिस्तानसहित १७ देशका ३८ सैनिक टोली सहभागी थिए । अभ्यासमा टोलीहरूको शारीरिक सहिष्णुता, मानसिक दृढता, पेसागत ज्ञान, रण कौशललगायतका क्षमताको परीक्षण भएको थियो । सन् २०१६ देखि वार्षिक रूपमा सञ्चालन हुँदै आएको अन्तर्राष्ट्रियस्तरको यस प्रतियोगितामा नेपाली सेनाले यसअघि सन् २०२२ र सन् २०२५ मा पनि स्वर्ण पदक प्राप्त गरेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मूल्य फेरी बढ्यो




**पाल्पा,** माघ २८/सुनको मुल्यमा बुधबार पनि उकालो लागेको छ । साताको चौथौ कारोबारका दिन सुनको मूल्य एक हजार एक सयले बढेको हो ।

नेपाल सुन चाँदी व्यवसायी महासंघका अनुसार मंलबारको तुलनामा यस दिन एक हजार एक सयले बढेर प्रतितोला तोला सुनको भाउ ३ लाख ६ हजार ६ सय कायम भएको छ । हिजो सुन तोलामा ३ लाख ५ हजार ५ सयमा कारोबार भएको थियो । त्यस्तै, चाँदीको भाउ पनि बढेको छ । चाँदी तोलामा ९० रुपैयाँले बढेको हो । यससँगै चाँदी तोलामा ५ हजार २ सय ९० मा कायम भएको छ । मंगलबार चाँदी तोलामा ५ हजार २ सय ४० मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तर्राष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार ६० र त्यति नै चाँदी ८२ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

यसरी सुनको मूल्य निरन्तर उकालो लाग्नुको कारण डलरमा आएको गिरावट पनि हो । जसअनुसार पछिल्लो एक महिनाको तथ्यांक हेर्दा पछिल्लो दस दिनमा विश्व बजारमा डलर सूचकांक लगातार घटिरहेको छ । १९ जनवरी २०२६ मा ९९ दशमलव ३७ रहेको डलर सूचकांक सोमबार साँझ (नेपाली समय) २६ जनवरी २०२६ सम्म ९७ मा ओर्लेको छ । यसले पनि विश्व बजारमा डलरमा लगानीकर्ताको आकर्षण घटेको र सुनमा बढेको पुष्टि हुन्छ ।

# निर्वाचनको चहलपहल बढ्दै...

...यसअघिका स्थानीय तह निर्वाचन र संघीय तथा प्रादेशिक निर्वाचनमा यसरी नै उम्मेदवारहरूले बेजिल्लामा रहेका मतदातालाई भेटेर मत माग्ने कार्यलाई अहिले निरन्तरता दिएका छन् । तर यसवर्ष जेनजी आन्दोलनपछिको विशेष परिस्थितमा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको घोषणा हुँदा उम्मेदवारलाई मतदाता खोज्न सकस परेको छ । नेपाली कांग्रेस गुल्मी क्षेत्र न. १ का उम्मेदवार चन्द्र भण्डारी विसं २०७९ को निर्वाचनमा नेकपा (एमाले) का नेता प्रदीपकुमार ज्ञवालीलाई पराजित गरेर निर्वाचित भएका थिए । विसं २०७९ को निर्वाचनमा रूपन्देही जिल्लाबाट मात्र आफूले चार हजार ५ सय मतदाता मतदानका लागि गुल्मी पुऱ्याएको उनी बताउन्छन् । यस पटक बुटवलमा एकपटक भेला गरी सकेको र यसलाई निरन्तरता दिने उनी बताउन्छन् । जिल्लाको क्षेत्र नम्बर २ मा १० दल र १२ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यस क्षेत्रबाट एमालेका उपाध्यक्ष एवं पूर्वमन्त्री गोकर्ण विष्ट, नेपाली कांग्रेसका लुम्बिनी प्रदेश उपसभापति भुवन श्रेष्ठ, नेकपाका श्रीराम महत र रास्वपाबाट गोविन्द पन्थी चुनावी मैदानमा छन् । उज्यालो नेपाल पार्टीबाट कर्णबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जनक सेन, नेशनल रिपब्लिक नेपालबाट पदम थापामगर, मङ्गोल नेशनल अर्गनाइजेसनबाट बेदबहादुर थापा उम्मेदवार रहेका छन् । यस निर्वाचनमा एक लाख सात हजार ३६३ जना मतदाता रहेका छन् । निर्वाचन प्रचारप्रसारका क्रममा नेकपा (एमाले) का तर्फबाट उम्मेदवार बनेका पार्टी उपाध्यक्ष विष्टले बुटवलमा तीन दिनसम्म आफ्नो निर्वाचन क्षेत्रका पालिका स्तरीय विभिन्न कार्यक्रम तथा मतदातासँग भेटघाट सकाएर बिहीबार जिल्ला फर्किएका छन् । उनले बुटवलमा तीन दिनसम्म झण्डै एक दर्जन कार्यक्रम सम्पन्न गरे । नेकपा (एमाले) पाल्पा क्षेत्र न २ का उम्मेदवार ठाकुर गैर आफ्नो क्षेत्रका धेरै मतदाता स्थायी बसोबास वा विभिन्न पेसाका लागि बुटवल, भैरहवा लगायतका क्षेत्रमा रहेकाले उनीहरूलाई निर्वाचनमा मतदानका लागि आउने वातावरण निर्माण गर्न पार्टीले कार्यक्रम गर्ने योजना रहेको बताउन्छन् । नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट पाल्पा क्षेत्र न. २ मा उम्मेदवार बनेका सोमप्रसाद पाण्डेले माघ १८ गते बुटवलमा पत्रकार सम्मेलन गरेर पाल्पाबाट बुटवललगायत क्षेत्रमा बसेका मतदातालाई निर्वाचनमा मतदानका लागि निमन्त्रणा गरे । यससँगै उनले रूपन्देहीका विभिन्न स्थानमा कार्यकर्ता भेटघाट र भेला आयोजना गरेर मतदातालाई रिझाउने काम गरेका छन् । पाल्पा क्षेत्र नं २ मा एक लाख नौ हजार ५३ जना मतदाता रहेका छन् । जसमा ५३ हजार ७७५ जना पुरुष र ५५ हजार २७८ जना महिला मतदाता रहेका छन् । क्षेत्र नं २ मा ११८ मतदानस्थल र २५१ वटा मतदान केन्द्र रहेका छन् । यस निर्वाचन क्षेत्रमा १४ वटा राजनीतिक दलसहित दुई स्वतन्त्र गरी १६ जना उम्मेदवारहरू प्रतिस्पर्धामा छन् । एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा एक महिलासहित १५ जना चुनावी प्रतिस्पर्धामा छन् । विभिन्न पार्टीका १२ जना र तीन जना स्वतन्त्र गरी १५ जना प्रतिनिधिसभाको निर्वाचनका लागि चुनावी प्रतिस्पर्धामा छन् । यस जिल्लामा नेपाली कांग्रेसबाट विष्णुप्रसाद खनाल र नेकपा (एमाले) बाट पिताम्बर भुसालको उम्मेदवारी परेको छ । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट रामबहादुर चौहान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरिप्रसाद भुसाल, नेकपा (माओवादी) बाट खीमबहादुर घर्ती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झविन्द्र फुल्लेल, राष्ट्रिय जनमोर्चाबाट पशुपति ढकाल, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पुस्करनाथ आचार्य र स्वतन्त्र उम्मेदवार रवि शाह उम्मेदवार रहेका छन् । अर्घाखाँचीमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कूल एक लाख ७१ हजार ६५२ जना मतदाता रहेका छन् । जसमा पुरुष ८७ हजार १५७ जना र महिला ८४ हजार ४९५ जना रहेका छन् । यस जिल्लामा १०२ मतदानस्थल र २०९ मतदान केन्द्र रहेका छन् । उम्मेदवारहरूले जिल्लामा प्रचारप्रसारका कार्यक्रमसँगै बुटवल, भैरहवा, कपिलवस्तुलगायत ठाउँमा पुगेर मतदातासँग भेटघाट गरेका छन् । नेकपा (एमाले) का उम्मेदवार पिताम्बर भुसालले बुटवलमा एकचरण कार्यकर्ता भेला गरेर मतदाता रिझाउने काम सकाएको बताउन्छन् । उनले आवश्यक परे फेरि विभिन्न कार्यक्रम आयोजना गरिने बताए । उनले अर्घाखाँचीका धेरै मतदाता कपिलवस्तुमा बसोबास रहेको र यसबाहेक बुटवल, भैरहवा, काठमाडौँ, दाङमा रहेका मतदातालाई निर्वाचनमा मतदानका लागि आह्वान गरिँदै आएको बताउन्छन् । उनले जिल्लाका कूल मतदातामध्ये झण्डै ४० प्रतिशत मतदाता जिल्ला बाहिर रहेको बताए । नेपाली कांग्रेसका उम्मेदवार विष्णुप्रसाद खनाल जिल्लामा मात्र केन्द्रित रहेर सबै मतदातासँग पुग्न नसकिने बताउन्छन् । उनी आफ्ना चुनावी मुद्दा लिएर जिल्ला बाहिरका मतदातासँग पुग्ने क्रममा रहेको यसैअन्तर्गत पहिलो चरणमा बुटवलमा कार्यक्रम सम्पन्न गरेको बताए । उनले पोखरा, काठमाडौँ, रूपन्देही र कपिलवस्तुलगायत क्षेत्रमा धेरै मतदाता रहेकाले तिनलाई निर्वाचनमा मतदानका लागि आउने वातावरण निर्माण गर्नुपर्ने बाध्यता रहेको उल्लेख गरे । निर्वाचन आयोगले जिल्ला बाहिर रहेका यस्ता मतदातालाई मतदानमा सहभागी हुन उत्प्रेरित गर्न निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको प्रदेश निर्वाचन कार्यालय, दाङका सूचना अधिकारी गेहेन्द्र कुँवर बताउन्छन् । उनी मतदाता केन्द्रित निर्वाचन शिक्षा कार्यक्रम निर्वाचन आयोगले विभिन्न सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण गर्ने काम हुँदै आएको यसका साथै राजनीतिक दलहरूले यस्ता कार्यक्रम गरिरहेको बताउन्छन् ।

# प्रतिनिधि सभा निर्वाचन...

...उनले मतदातासँग भनेका छन् "मेरो पाल्पामा अरु कुनै स्वार्थ छैन्, मलाई कुनै पैसा कमाउनु परेको छैन्, अझै पाल्पाली जनताको सेवा गर्ने, आफ्ना विगतका अधुरा योजना पुरा गर्ने, दु:खमा परेका पाल्पालीहरुको सेवा गर्ने, पाल्पाको विकास निर्माणमा योगदान गर्ने अभियानका साथ पाल्पा क्षेत्र नं २ मा नेकपाबाट उम्मेदवारी दिएको छु ।" यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीबाट माधवबहादुर थापा, राष्ट्रिय जनमोर्चाबाट बालबहादुर दर्लामी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डुलबहादुर कुँवर, नेशनल रिपब्लिक नेपालबाट देवप्रसाद श्रेष्ठ, सार्वभौम नागरिक पार्टीबाट रामबहादुर अस्लामी, जनता समाजवादीबाट खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिबाट टोपबहादुर अस्लामी, मङ्गोल नेसनल अर्गनाइजेसनबाट मानबहादुर दर्लामी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट विष्णु ठडराई, प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट बोधराज जैसी, नेपाल मजदुर किसान पार्टीबाट कृष्णशोभा मुस्याख्व, स्वतन्त्रबाट मोहनकुमार थापा र केशवप्रसाद बस्याल पनि घरदैलोमा व्यवस्त छन् । उता क्षेत्र नं. १ मा पनि उम्मेदवारहरुले घरदैलो गरिरहेका छन् । यहाँ नेकपा (एमाले) बाट नारायणप्रसाद आर्चाय, नेपाली कांग्रेसबाट सन्दिप राना, नेपाली कम्युनिष्ट पार्टीबाट हुमबहादुर सुनारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट बिमल पन्त र राष्ट्रिय जनमोर्चाबाट नरमती सिञ्जाली, मङ्गोल नेशनल अर्गनाइजेसनबाट सलन चिदी, नेशनल रिपब्लिक नेपालबाट थमनसिंह रेग्मी मगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बृहस्पति अर्याल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट पुरन गैरे शर्मा तथा स्वतन्त्रबाट कौशल अर्याल, डिल्लीराज काृले, जुद्धबहादुर विरकट्टा र वाछावली मिया चुनावी मैदानमा छन् । विगतका निर्वाचनको मत परिणाम हेर्दा मुख्यत: एमाले, कांग्रेस, नेकपा र रास्वपाबीच नै प्रतिस्पर्धा हुने देखिएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई